## सूचना ४

श्री ५ को सरकारले जिल्ला कार्यालय मनाङका प्र.जि.अ. श्री तीर्थराज शर्मा ज्ञवाली घरबिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री विन्दुराज सिग्देललाई मिति २०४५।१२।१० देखि का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उप-सचिव)

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ३८, संख्या १५, मिति २०४५।४।१० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार खण्ड ३७, संख्या ३७, मिति २०४४।६।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना ३ को नं. १६ मा थप भएको हाते चर्खा प्रयोग हुने ऊनी धागो कताइ उद्योगको ऊन कार्डिङ्ग गर्दा प्रयोग हुने मेशिनले आधा अश्वशक्तिभन्दा बढी विद्युत् मोटर वा डिजेल वा पेट्रोल वा क्रुड आयल इञ्जिन शक्ति प्रयोग गर्न पाउने गरी तोकेको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22